छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ६ २०८२ फागुन १ गते

भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

## सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## छायाँनाथ रारा नगरपालिका एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

# एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रमाणित तथा स्विकृत**
मिति २०८२/०९/३०
**प्रकाशित**
मिति २०८२/११/०१

संवत् २०८२ को कार्यविधि नं. ०६

## एकल तथा दलित महिला जीविकोपार्जन सुधार सम्बन्धी कानुन तर्जुमा गर्न बनेको कार्यविधि

**प्रस्तावना:** एकल तथा दलित महिलाहरुको आर्थिक विकासका लागि जीविकोपार्जन सुधार कार्यक्रम मार्फत एकल तथा दलित महिलाहरुलाई सीप, क्षमता र योग्यताको आधारमा आर्थिक तथा सामाजिक अवसर र लाभ प्रदान गर्न, साथै एकल तथा दलित महिलाहरुको सशक्तिकरण, क्षमता तथा मर्यादा अभिवृद्धि गरि सामाजिक न्यायको लागि आर्थिक तथा सामाजिक दृष्टिले कमजोर तथा विपन्न वर्गका दलित तथा एकल महिलाको हित संरक्षण तथा प्रवर्धन, व्यवसायिक ज्ञान, सीप र क्षमतामा बृद्धि गर्न सीप विकास, सामाग्री तथा आर्थिक सशक्तिकरण एवं जिविकोपार्जनमा सहयोग गर्न वाञ्छनीय भएकोले,

छायाँनाथ रारा नगरपालिकाको विनियोजन ऐन, २०८२ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाको नगर कार्यपालिकाले देहायको कार्यविधि लागु गरेको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि,२०८२" रहेको छ।

(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भए पछि नगरपालिकाको क्षेत्राधिकार भित्र लागु हुनेछ।

२. **परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "एकल महिला" भन्नाले सम्बन्ध विच्छेद गरेकी महिला, विधवा, पैतिस वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्ष भन्दा बढी समय देखि पति हराई वा वेपत्ता भएकी महिला, अंशवण्डा गरी वा मानो छुटिई पति संग अलग बसेकी महिलालाई सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले एकल छनोट तथा सिफारिसको लागि बनेको समिति सम्झनु पर्छ।

(ग) "दलित" भन्नाले नेपाल सरकारले दलित भनी परिभाषित गरेको दलित समुदायको व्यक्ति सम्झनु पर्छ।

(घ) "कार्यक्रम" भन्नाले एकल तथा दलित महिलाको जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत सञ्चालन भएको तथा अनुसूची-१ मा उल्लेखित कार्यक्रम सम्झनु पर्छ।

(ङ)   "कोष" भन्नाले दफा ७ अनुसार एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्नका लागि स्थापना भएको कोषलाई सम्झनुपर्छ।

## परिच्छेद-२

## उद्देश्य तथा कार्यक्षेत्र

३. **कार्यक्रमको उद्देश्यः** (१) एकल तथा दलित महिला जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालनका उद्देश्यहरु देहाय बमोजिम रहेको छ।

(क) जीविकोपर्जन सुधार कार्यक्रमको माध्यमबाट एकल र दलित महिलाहरुको जिवनस्तर उकास्ने,

(ख) स्थानीय स्रोत साधन उपयोग र मुल्य श्रृख्ला द्वारा महिलाहरुको आर्थिक सशक्तिकरण गर्ने,

(ग) एकल तथा दलित महिलाहरुलाई आत्मनिर्भर बनाउने।

(घ) एकल तथा दलित महिलालाई शिक्षा तथा आयआर्जनको लागि विभिन्न सीपमूलक तालिम प्रदान गर्ने,

(ङ) एकल तथा दलित महिलाका लागि स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने,

(च) एकल तथा दलित महिलालाई औषधी उपचार गर्ने,

(छ) एकल तथा दलित महिलालाई उद्दार गर्न, राहत वितरण (खाध्यन्न, न्यानो लत्ताकपडा वितरण) तथा पुनर्स्थापना गर्न,

(ज) एकल तथा दलित महिलालाई खाध्यन्न, न्यानो लत्ताकपडा वितरण तथा आर्थिक सहयोग गर्न,

(झ) एकल तथा दलित महिलालाई कानुनी सहायता प्रदान गर्न,

(ञ) एकल तथा दलित महिलाको सामाजिक मर्यादा अभिवृद्धिको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

(ट) एकल तथा दलित महिलाको ज्ञान, सीप तथा दक्षता अभिवृद्धि भएको पेशा, व्यवसायको विकासका लागि, रैथाने बालीको प्रवर्द्धन तथा कृषि क्षेत्रमा विकासका लागि सामाग्री वितरण सम्बन्धी सहयोग कार्यक्रम गर्ने,

(ठ) एकल तथा दलित महिलाको हक, हित संरक्षण र सम्वर्द्धनको लागि समितिले तोके बमोजिम अन्य काम गर्ने वा गराउने।

४. **कार्यक्रमको क्षेत्रहरुः**

(क) **कृषि तथा पशुपालनः** एकल तथा दलित महिलालाई प्राङ्गरिक खेति, सामुहिक खेति, आधुनिक खेति, पशुपालन तथा कृषिमा आधारित उत्पादनमा आत्मनिर्भर हुँदै एकिकृत विकासको काम गर्न कृषि औजारहरु वितरण गर्ने, व्यवसाय कसरी सुरू गर्ने तथा नाफा घाटाको हिसाब कसरी गर्ने सोको तालिम प्रदान गर्ने,सहयोग गर्ने।

(ख) **आर्थिक सशक्तिकरण तथा आयआर्जनः** वन पैदावार साथै स्थानीय परिवेश हेरेर माग अनुसारको जडीबुटी उत्पादन तथा प्रशोधन, पशुपालन, सिलाई कटाई, बुनाई लगायत अन्य उद्यम गर्न चाहने महिलालाई तालिम, प्रविधि सहयोग गर्ने।

(ग) **स्वास्थ्य र पोषणः** आर्थीक सुधारका साथै शारीरिक र मानसिक स्वास्थ्यमा ध्यान दिने, प्रजनन स्वास्थ्य र परिवार नियोजन सम्बन्धी जानकारी, पोसिलो खानेकुरा र सरसफाई सम्बन्धी चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने, सामाग्री वितरण गर्ने।

(घ) **सामाजिक सुरक्षा र अधिकारको खोजीः** विभेद बिरूद्ध लड्न र राज्यले दिएका सुविधाहरू लिन सहयोग गरिने, एकल तथा दलित महिला भत्ता र अन्य सरकारी प्याकेजहरू प्राप्त गर्न सहजीकरण।

(ङ) **सीप विकास तथा क्षमता अभिवृद्धिः** महिलाहरूको आत्मविश्वास बढाउन र नयाँ प्रविधिको जानकारी दिन तालिमहरू प्रदान गरिने, प्राविधिक तालिम जस्तै कम्प्यूटर, मोबाइल, ईलेक्ट्रोनिक वा मेकानिकल कामहरू, नेतृत्व विकास, उद्दमशीलता विकास सम्बन्धी कार्यहरू गर्ने।

## परिच्छेद-३
## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

५. **नगरपालिका स्तरीय समितिको गठनः** (१) नगरपालिका देहाय बमोजिमको एक नगरपालिका स्तरीय समिति रहनेछ।

(क) नगरपलिकाका उपप्रमुख - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) शिक्षा शाखा प्रमुख - सदस्य
(घ) लघु उद्यम विकास शाखा - सदस्य
(ङ) जिल्ला प्रशासन कार्यालय, प्रमुख - सदस्य
(च) जिल्ला प्रहरी कार्यालय, प्रमुख - सदस्य
(छ) सामाजिक विकास शाखा - सदस्य
(ज) एकल तथा दलित महिला क्षेत्रमा कार्यरत गैर सरकारी सामुदायिक वा सरकारी संस्थाहरु मध्ये पालिका स्तरीय समितिले तोकेको एक जना एकल तथा दलित महिला - सदस्य
(झ) महिला तथा बालबालिका शाखाको प्रमुख - सदस्य सचिव

६. **समितिको काम, कर्तव्य र अधिकारः** (१) नगरपालिका स्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) एकल तथा दलित महिलाको जिवीकोपार्जनको लागि सहयोग माग भइ आएकोमा निवेदन उपर छानविन गर्ने, मूल्याङ्कन तथा प्राथमिकिकरण गर्ने,

(ख) अनुदान उपलब्ध गराउने एकल तथा दलित महिलाको छनोट गर्ने,

(ग) विभिन्न सरोकारवाला निकायहरु माझ सहकार्य बढाउने,

(घ) एकल तथा दलित महिला सुरक्षा कोषबाट सहयोग प्राप्त रकमको दुरुपयोग हुनबाट रोक्न आवश्यक व्यवस्था मिलाउने,

(ङ) रकम उपलब्ध गराइएका एकल तथा महिलाहरुको विवरण तयार राख्ने,

(च) रकम उपलब्ध गरिएका महिलाहरुको कार्यान्वयन अवस्थाको अनुगमन र मूल्याङ्कन गर्ने,

(छ) प्रदत्त सेवाको गुणस्तर तथा त्यसको सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(ज) केन्द्रिय समितिको निर्देशन बमोजिम समेतका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-३
## कोष स्थापना

७. **कोषको स्थापनाः** (१) आर्थिक दृष्टिले कमजोर तथा विपन्न वर्गका एकल तथा दलित महिला सुरक्षा कोष नामको एक कोष स्थापना गरिने छ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, व्यक्ति वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृत लिनु पर्नेछ।

(४) कोषको रकम दफा ३ अनुसारको उद्देश्य प्राप्त गर्नको लागि उपयोग गर्न सकिनेछ।

(५) कार्य सञ्चालनको लागि कोषमा प्राप्त रकम एकल तथा दलित महिला सुरक्षा कोष सञ्चालन तथा व्यवस्थापन समितिले तोके बमोजिम नेपाल राष्ट्रिय बैंकको "क" वर्गको मान्यता प्राप्त बैंकको खातामा रहनेछ।

(६) यो खाताको संचालन कार्यालयको कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखको संयूक्त दस्तखतबाट सञ्चालन हुनेछ।

(७) कुनै कारणवस कोष संचालन गर्न आवश्यक नभएमा नेपाल सरकारले सोको खारेज गर्न सक्नेछ। र कोषमा रहेको रकम नेपाल सरकारमा स्वतः हस्तान्त्रण हुनेछ।

(८) कार्यालयले कोषमा प्राप्त रकमको जानकारी मिति र रकम उल्लेख गरी यथाशीघ्र सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयमा पठाउनु पर्नेछ।

(९) कोषको रकम दफा ३ मा उल्लेख भएको उद्देश्य बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन।

८. **रकम माग गर्न सक्नेः** (१) कार्यालयले नगरपालिका प्रयोजनको लागि केन्द्रिय समिति समक्ष कोषको रकम माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकम माग गर्दा माग पत्र साथ देहायका कागजातहरु संलग्न राख्नु पर्नेछ।

(क) कार्यालयबाट एकल महिलालाई प्रदान गरेको रकमको अद्यावधिक विवरण,

(ख) कार्यालयमा रहेको कोषको पछिल्लो मास्केवारी,

(ग) हाल माग गरिएको रकमबाट गरिने कार्यक्रमको विवरण।

(३) कार्यालयले कोषमा प्राप्त रकमको जानकारी मिति र रकम उल्लेख गरी यथासिघ्र सम्बन्धित कोष तथा लेखा नियन्त्रण कार्यालयमा पठाउनु पर्नेछ।

९. **कोषको लेखाः** (१) कोषको लेखा प्रणाली देहाय बमोजिम राख्नु पर्नेछ।

(क) कोषको लेखा नेपाल सरकारको स्रेस्ता प्रणाली अनुसार राख्नु पर्नेछ,

(ख) कोषको स्रस्ता छुट्टै खडा गर्नु पर्नेछ,

(ग) कोषको लेखा अद्यावधिक एवं पारदर्शी हुनु पर्नेछ,

(घ) कोषको लेखा राख्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको कार्यालयको हुनेछ,

(ङ) कोषको आन्तरिक लेखापरिक्षण, कोष तथा लेखा नियन्त्रण कार्यालय र अन्तिम लेखा परीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

## परिच्छेद-४
## विविध

१०. **जिविकोपार्जन सुधार कार्यक्रम तथा कोष उपलब्ध गराउँदा अपनाइने प्रकृयाः** (१) कुनै पनि एकल तथा दलित महिलाले जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत रकम माग गर्दा निम्न कागजातहरु नगरपालिकाको महिला तथा बालबालिका शाखामा कुन सहयोग चाहेको हो सो व्यहोरा खुलाई अनुसूची-२ अनुसार निवेदन पेश गर्नु पर्नेछ।

(क) उद्धार, राहत तथा पुनर्स्थापना,

(ख) औषधी उपचार,

(ग) कानुनी सहायता

(घ) शिक्षा र सीपमूलक तालिम,

(ङ) स्वरोजगार कार्य संञ्चालन,

(च) कृषि सामाग्री वितरण तथा प्रविधि हस्तान्तरण।

(२) निवेदकले अनुसूची-२ अनुसारको ढाँचामा भरिएको निवेदन साथ देहायको कागजात संलग्न गरेको हुनु पर्नेछ।

(क) एकल तथा दलित महिला प्रमाणित हुने कागजात,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग)लिन चाहेको सहयोगको क्षेत्र खुलाई व्यक्तिगत निवेदन

(घ) सम्बन्धित स्थानीय निकायको वडा कार्यालयको आर्थिक, सामाजिक रूपले कमजोर, विपन्न हो भन्ने प्रमाणित भएको सिफारिस पत्र।

(३) एकल तथा दलित महिलाको क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाले दफा ३ अनुसारको उद्देश्यको लागि देहायको मध्ये एक वा एक भन्दा बढी कुन क्षेत्रामा कार्य गर्न चाहेको हो सो व्यहोरा खुलाई कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(क) शिक्षा र सीपमूलक तालिम प्रदान गर्न,

(ख) स्वरोजगार कार्यक्रम संचालन गर्न,

(ग) उद्दार गर्न, राहत दिन तथा पुनर्स्थापना गर्न,

(घ) कानुनी सहायता प्रदान गर्न,

(ङ) एकल तथा दलित महिला सम्मिलित सामुदायिक वा सहकारी संस्थाको कार्यमा सहयोग गर्न,

(च) एकल तथा दलित महिला सामाजिक मर्यादा अभिवृद्धिको लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,

(छ) एकल तथा दलित महिला हकहित संरक्षण र सम्वर्द्धनको लागि केन्द्रिय समितिले तोके बमोजिम अन्य कार्य गर्न वा गराउन।

(४) एकल तथा दलित महिला क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाले अनुसूची-३ को ढाँचामा भरिएको निवेदन साथ देहायको कागजात संलग्न गर्नु पर्नेछ।

(क) संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,

(ख) संस्थाको विधानको प्रमाणित प्रतिलिपि,

(ग) संस्था नवीकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(घ) कार्यक्रमको लक्ष्य, उद्देश्य, कार्ययोजना सहितको अनुसूची-४ को ढाँचामा भरिएको कार्यक्रमको प्रस्ताव,

(ङ) कार्यालयमा सुचीकृत भएको सिफारिस पत्र,

(च) स्थानीय निकायको सिफारिस पत्र,

(छ) संस्थाको लेखापरिक्षण प्रतिवेदन।

(५) कार्यालयले अनुसूची-२ बमोजिम प्राप्त निवेदनको आवश्यक जाँचबुझ गरी पालिका स्तरीय समितिमा पेश गर्नु पर्नेछ।

(६) कार्यालयले अनुसूची-२ बमोजिम प्राप्त निवेदनको आवश्यक जाँचबुझ गरी पालिका स्तरीय समितिको साथै कार्यपालिकामा पेश गर्नु पर्नेछ।

११. **जिविकोपार्जन सुधार कार्यक्रम सम्बन्धी खर्चको मापदण्डः** (१) दफा १० को उपदफा (५) बमोजिम प्राप्त निवेदनको लागि पालिका स्तरीय समितिले रकम उपलब्ध गराउँदा निवेदक, एकल तथा दलित महिलाको मागको औचित्य र निजले दफा १० को उपदफा (१) बमोजिम कुन सहयोग चाहेको हो सो प्रकृति हेरी देहायको सहयोग उपलब्ध गराउन सक्नेछ।

(क) **उद्धार, राहत तथा पुनर्स्थापनाः** एकल तथा दलित महिलाको तत्काल उद्दार, राहत तथा पुनर्स्थापनाका लागि नगरपालिका स्तरीय समितिले तोके बमोजिम पाँच हजार रुपैया नबढने गरी आवश्यक रकम।

(ख) **औषधी उपचारः** नगरपालिका स्तरीय समितिले तोकेको अस्पतालमा उपचार गराउँदा विरामी तथा कुरुवा समेतको जोडेर निम्नानुसार सीमा ननाघ्ने गरी लागेको बिल बमोजिमको खर्चः

९1० घरमै बसी उपचार गराउँदा अस्पतालमा आतेजाते समेतको मितव्ययी सवारी साधनको भाडामा साथै परिक्षण तथा औषधी खर्च वापत दुई हजार सम्मको बिल बमोजिमको रकम।

९२० अस्पतालमै भर्नाभई उपचार गराउँदा अस्पताल पुर्याउँदा र ल्याउँदा लागेको मितव्ययी सवारी साधनको भाडा, परिक्षण तथा औषधी खर्चका अतिरक्त पाँच दिन सम्म खाने खर्च वापत विरामी र एक जना कुरुवाका लागि प्रतिव्यक्ति प्रतिदिन तिन सय रुपैया गरि जम्मा सात हजार रुपैया।

९३० विशेष अवस्थामा नगरपालिका स्तरीय समितिले आवश्यकता र औचित्यको आधारमा चार हजार सम्मको थप रकम स्वीकृत गर्न सक्नेछ।

(ग) **कानुनी सहायताः** अड्डाअदालत आतेजाते समेतकालागि मितव्ययी सवारी साधनको भाडा, कानुनी दैदस्तुर र सेवा वापत निम्नानुसरको सिमा ननाघ्ने गरी लागेको खर्च विल बमोजिमको रकमः

(१) सामानय अवस्थामा प्रतिव्यक्ति पाँच हजार रुपैयाँ सम्म,

(२) विषेश अवस्थामा नगरपालिका स्तरीय समितिले विशेष निर्णय गरेमा थप दुई हजार रुपैयाँ सम्म।

(घ) **शिक्षा र सीपमूलक तालिमः** एकल तथा दलित महिला शिक्षा र सीपमूलक तालिमका लागि प्रतिव्यक्ति जम्मा सात हजार रुपैयाँ (सीप तथा उद्यमशिलता तालिममा पाँच हजार रुपैयाँ र अन्य तालिममा दुई हजार रुपैयाँ)

(ङ) **स्वरोजगार कार्य संञ्चालनः** स्वरोजगार कार्यका लागि अनुदान वापत प्रति परिवार पन्ध्र हजार रुपैयाँ ननाघ्ने गरी सम्बन्धित नगरपालिका स्तरीय समितिले उपलब्ध स्रोत समेतको आधारमा स्वीकृत गरेको रकम र दफा १० को उपदफा (६) बमोजिम प्राप्त निवेदनको हकमा कार्यापालिकाले एकल तथा दलित महिलाका हक अधिकारको कार्य गर्ने संघ संस्थाको मागको औचित्य र कार्यक्रमको प्रस्ताव संस्थाको क्षमता समेतको आधारमा एक लाख रुपैयाँ मा नबढने गरी रकम उपलब्ध गराउन सक्नेछ।

(च) कृषि सामाग्री वितरण।

१२. **प्रतिवेदन पेश गर्नेः** कोषमा प्राप्त भएको रकम सो कोषबाट वर्षभरी संचालन गरिएका कार्यक्रम, एकल तथा दलित महिलाको लागि कार्यक्रम सञ्चालन गर्दा हुन गएको खर्च, सञ्चालन भएको कार्यक्रमबाट भएको उपलब्धी तथा भविष्यमा गरिनु पर्ने सुधार समेतको बिषय समावेश गरी आर्थिक वर्ष समाप्त भएको दुई महिना भित्र मन्त्रालय समक्ष वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ।

१३. **अधिकार प्रत्योजन गर्न सक्नेः** (१) समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये आवश्यकता अनुसार केहि अधिकार अध्यक्ष, उपाध्यक्ष र सदस्य सचिव एवं कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१४. **बाधा अड्काउ फुकाउने अधिकारः** (१) कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा नगरपालिकाको बैठकले त्यस्तो बाधा अडकाउ फुकाउनेछ।

१५. **प्रचलित कानुन बमोजिम हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै कार्यविधि अनुसार र यसमा उल्लेख नभएमा अन्य कुरामा प्रचलित कानुन अनुसार हुनेछ।

१६. **संशोधन एवं हेरफेरः** (१) यस कार्यविधिमा संशोधन एवं हेरफेर गर्न आवश्यक ठनेमा नगर कार्यपालिकाको बैठकको निर्णयले आवश्यक संशोधन एवं हेरफेर गर्न सक्नेछ।

## अनुसूची-१
## (दफा २ को खण्ड (घ) सँग सम्बन्धित)

**जीविकोपार्जन सुधार कार्यक्रमहरू**

(क) उद्धार, राहत तथा पुनर्स्थापना,

(ख) औषधी उपचार,

(ग) कनुनी सहायता

(घ) शिक्षा र सीपमूलक तालिम,

(ङ) स्वरोजगार कार्य संञ्चालन,

(च) कृषि सामाग्री वितरण।

**अनुसूची-२**

**(दफा १० को उपदफा (१) र उपदफा (२) सँग सम्बन्धित)**

(एकल तथा दलित महिलाले दिने निवेदनको ढाँचा)

मितिः २०८२/१०/२९

**विषयः <u>सहयोग उपलब्ध गराई पाउँ।</u>**

श्री संयोजक ज्यू,
नगरपालिका स्तरीय समिति,
गमगढी, मुगु।

म (सम्बन्ध विच्छेद र बिधुवा महिला र पैंतीस वर्ष उमेर पुरा गरेकी अविवाहित महिला र पाँच वर्ष भन्दा बढी समय देखि पति हराई वा बेपत्ता भएकी महिला र अंशबण्डा गरी वा मानो छुट्टिइ पति सँग अलग बसेकी महिला) हुँ। मेरो आर्थिक तथा सामाजिक अवस्था कमजोर भई ....................................... कार्यका लागि सहयोग आवश्यक परेको हुनाले निम्न लिखित कागजात संलग्न गरी एकल तथा दलित महिला जीविकोपार्जन सुधार कार्यक्रम मार्फत नियमानुसार सहयोग रकम उपलब्ध गराई दिन हुन निवेदन गर्दछु।

**<u>संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने)</u>**

(क) एकल तथा दलित महिला प्रमाणित हुने कागजात,
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) हालसालै खिचेको फोटो दुई प्रति,
(घ) सम्बन्धित स्थानीय निकायको वडा कार्यालयको आर्थिक, सामाजिक रूपले कनजोर, विपन्न हो भन्ने प्रमाणित भएको सिफारिस पत्र।

**<u>निवेदकको</u>**
नामः
ठेगानाः
दस्तखतः

**अनुसूची-३**

**(दफा १० को उपदफा (४) सँग सम्बन्धित)**

**<u>एकल तथा दलित महिला क्षेत्रमा कार्यरत गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाले दिने निवेदनको ढाँचा</u>**

मितिः २०८२/१०/२९

**विषयः <u>सहयोग उपलब्ध गराई पाउँ।</u>**

श्री संयोजक ज्यू,
नगरपालिका स्तरीय समिति,
गमगढी, मुगु।

एकल महिलाको हक अधिकारको क्षेत्रमा कार्य गर्ने ........................................................ संस्था हौं। यस संस्तालाई यस कार्यविधिको दफा ३ अनुसारको उद्देश्य मध्ये .......................................... कार्यक्रम सञ्चालन गर्नको निमित्त सहयोग आवश्यक परेकोले निम्न लिखित कागजात संलग्न गरी एकल तथा दलित महिला सुरक्षा कोष मार्फत नियमानुसार सहयोग रकम उपलब्ध गराई दिन हुन निवेदन गर्दछौं।

**<u>संलग्न कागजात (संलग्न रहेकोमा रेजा चिन्ह लगाउने)</u>**

(क) अनुसूची-३ अनुसारका निवेदन
(ख) संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
(ग) संस्थाको विधानको प्रमाणित प्रतिलिपि,
(घ) संस्था नवीकरण प्रमाण पत्रको प्रतिलिपि,
(ङ) कार्यालयको उद्देश्य, लक्ष्य, कार्ययोजना सहितको अनुसूची-४ को ढाँचामा कार्यक्रमको प्रस्ताव,
(च) कार्यालयमा सूचिकृत भएको सिफारिसपत्र,
(छ) स्थानीय निकायको सिफारि पत्र।

**<u>निवेदकको</u>**
नामः
ठेगानाः
दस्तखतः

## अनुसूची-४

## (दफा १० को उपदफा (४) को खण्ड (घ) सँग सम्बन्धित)

## एकल तथा दलित कार्यक्रम सेवा उपयोग गर्ने प्रस्तावको ढाँचा

प्रस्तावक संस्थाको नाम, ठेगानाः

कोषको रकमबाट गरिने कार्यः

प्रस्तावित सेवाको लागत अनुमान रु.

सहभागीको योजनाः

काम थाल्ने मितिः

१. के गर्ने ?

प्रस्तावित कार्यको विवरण

२. किन गर्ने ?

२.१ हाल परिरहेको समस्याको व्यहोरा

२.२ प्रस्तावित सुविधाबाट प्रत्यक्षः लाभावित हुने एकल तथा दलित महिला सदस्य परिवार

२.३ चार वर्ष पछिको एकल तथा दलित महिला विकासको कल्पना

३. कसरी गर्ने ?

३.१ प्रस्तावित कार्यक्रम सञ्चालन गर्न अपनाइने तरिका

३.२ प्रस्तावित कार्यक्रम सञ्चालन खर्च श्रोत

- संस्था आफैले
- बाह्य सहयोग

४. कति, कहिले गर्ने ?

| कार्यक्रम | कहिले गर्ने | जिम्मावारी व्यक्ति | सहयोगी | अनुगमन सुचक |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

५. कहाँ कसले गर्ने ?

५.१ प्रस्तावित कार्यक्रम सञ्चालन क्षेत्र र उक्त क्षेत्र छनौटको आधार

५.२ प्रस्तावित कार्यक्रम सञ्चालन गर्ने सङ्गठित तह (समिति, संस्था वा अन्य इकाई)

५.३ प्रस्तावित कार्यक्रम सञ्चालनको सुनिश्चितताका लागि निर्धारित शर्तहरू

५.४ प्रस्तावित कार्यक्रम सेवाका लागि स्रोतको व्यवस्था

६. अन्य आवश्यक कुराहरू

प्रमाणीकरण मितिः २०८२/०९/१६

आज्ञाले,

पूर्ण बहादुर शाही

नि. प्रमुख प्रशासकीय अधिकृत